बागमती प्रदेश सरकार
स्वास्थ्य तथा सामाजिक विकास मन्त्रालय
हेटौंडा, नेपाल

पत्र सङ्ख्याः २०८३/०८४
चलानी नम्बरः

मिति : २०८३।०५।३१

**पूर्व तयारी कक्षा र भाषा शिक्षण सेवा सञ्चालनका लागि अनुमति प्राप्त गरेका संस्थाहरुको नवीकरण सम्बन्धी सूचना**

प्रस्तुत सम्बन्धमा शैक्षिक परामर्श सेवा तथा भाषा शिक्षण निर्देशिका,२०७९ बमोजिम यस मन्त्रालय(साविकको सामाजिक विकास मन्त्रालय)बाट सेवा सञ्चालन अनुमति प्राप्त गरेका संस्थाहरुको आ.व.२०८३।८४ का लागि तपसिल बमोजिम सेवा सञ्चालन अनुमति नवीकरण गरिने भएकाले निर्देशिकाको दफा ४ को उपदफा (२) मा उल्लिखित कागजात सहित प्रदेश आर्थिक ऐन,२०८३ को अनुसूचि १० बमोजिमको राजश्व दाखिला गरी मन्त्रालयमा नियमानुसार निवेदन पेश गर्नुहुन सूचित गरिन्छ ।

तपसिल :

१. पूर्व तयारी कक्षा र भाषा शिक्षण मध्ये कुनै एक वा दुवै सेवा क्षेत्रको अनुमति प्राप्त गरेका संस्थाहरुको नवीकरण गरिने

२. शैक्षिक परामर्श सेवा सहित भाषा शिक्षण कक्षा/पूर्व तयारी कक्षा अनुमति प्राप्त गरेका संस्थाहरुको हकमा भाषा शिक्षण कक्षा/पूर्व तयारी कक्षा मात्रै नवीकरण गरिने

३. शैक्षिक परामर्श सेवा सञ्चालन अनुमति प्राप्त गरेका संस्थाहरुको नविकरण यस मन्त्रालयबाट नगरिने भएकाले नेपाल सरकारबाट जारी गरिएको शैक्षिक परामर्श, भाषा शिक्षण तथा तयारी कक्षा (सञ्चालन र व्यवस्थापन) नियमावली,२०८३ को नियम ६ को उपनियम (२) बमोजिम सम्बन्धित संस्थाले नेपाल सरकार, शिक्षा तथा खेलकुद मन्त्रालयको मिति २०८३।०५।३० गतेको सूचना बमोजिम निवेदन पेश गर्नुपर्ने ।

रुद्र शर्मा
उपसचिव

फोन नं.: ०५७-५२४८३५, ०५७-५२४८३६, ०५७-५२३८५७, ०५७-५२७७२८ र ०५७-५२३१७९
इमेलः mosd@bagamati.gov.np, वेबसाइटः mosd.bagamati.gov.np

# अनुसूची -१०

(दफा १३ को उपदफा (२) सँग सम्बन्धित)

**शैक्षिक परामर्श सेवा, पूर्व तयारी कक्षा र भाषा शिक्षण सञ्चालन दर्ता तथा नवीकरण शुल्क**

| सि.नं. | दर्ता तथा नवीकरण | राजस्व दस्तुर कायम हुने समय अवधि | दस्तुर (रु.) |
|---|---|---|---|
| १. | शैक्षिक परामर्श, पूर्व तयारी कक्षा तथा भाषा शिक्षण केन्द्र दर्ता अनुमति | (क) कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भएको अनुमति माग निवेदन पेश भएमा | २००००।- |
| | | (ख) कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भएको आर्थिक वर्ष भन्दा पछिल्ला आर्थिक वर्षमा अनुमति माग निवेदन पेश हुन आएमा प्रति आर्थिक वर्ष | प्रत्येक आर्थिक वर्ष जरिवाना रु १००००।- |
| २. | शैक्षिक परामर्श, पूर्व तयारी कक्षा तथा भाषा शिक्षण केन्द्र नवीकरण | (क) प्रत्येक वर्षको साउनदेखि असोज मसान्त भित्र नवीकरणको लागि निवेदन पेस गरेमा | १००००।- |
| | | (ख) असोज मसान्तभन्दा पछि सोही आर्थिक वर्षभित्र नवीकरणको लागि निवेदन पेस गरेमा | २००००।- |
| | | (ग) सो आर्थिक वर्षपछि नवीकरणको लागि निवेदन पेस भएकाहरुको हकमा प्रति वर्ष | ३००००।- |

**प्रमाणीकरण मितिः २०८३।०३।३१**

शैक्षिक परामर्श सेवा, पूर्व तयारी कक्षा, भाषा शिक्षण कक्षा सञ्चालनका लागि संस्था नविकरणका लागि पेश गरेको कागजातहरुको विवरण

मिति :

| | |
|---|---|
| १. सम्पर्क नं. सहितको निवेदन पाना संख्या............ | २.राजश्व तिरेको भौचर पाना संख्या.......... |
| ३. कम्पनी अद्यावधिक गरेको प्रमाणपत्रको प्रतिलिपि पाना संख्या ........................ | ४.कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि पाना संख्या ........................ |
| ५.संस्था अनुमति प्रमाणपत्र/नविकरण भएको प्रमाणपत्रको प्रतिलिपि पाना संख्या.................... | ६. गत आर्थिक वर्षको संस्थाको विस्तृत शुल्क विवरण पाना संख्या................... |
| ७. गत आर्थिक वर्षको प्रगति प्रतिवेदन पाना संख्या ............... | ८.संस्थाको प्रोफाइल पाना संख्या ........... |
| ९.गत आर्थिक वर्षको लेखापरीक्षण प्रतिवेदनको प्रतिलिपि पाना संख्या................ | |

पेश गर्ने :,

रुजु गर्ने :

संस्थाको नाम :

ठेगाना:

सञ्चालकको नाम थर :

हस्ताक्षर :

सम्पर्क नं. :

## शैक्षिक परामर्श सेवा प्रदायक संस्थाले अनुमति पत्रका लागि दर्ता शुल्क/नवीकरण शुल्क जम्मा गर्ने तरिका

१. मोवाइल वा ल्यापटपमा **revenue.fcgo.gov.np** सर्च गरी **log in** गर्नुहोस। **(User र पासवर्ड भएमा Sign in मा गएर User र पासवर्ड राखि अगाडी बढने पासवर्ड नभएमा sign up गर्ने, mobile nuber राखे र otp हाल्ने verify otp गर्ने र कम्पनिको PAN, Name, Email हाल्ने र User र पासवर्ड बनाई log in गर्ने।)**

२. **नयाँ भौचरमा click** गर्नुहोस र **प्रदेश सरकार** छान्नुहोस ।

३. अब **बागमती प्रदेश सरकारमा click** गर्नुहोस र **जिल्लामा मकवानपुर** छान्नुहोस । अब कार्यालय **स्वास्थ्य तथा सामाजिक विकास मन्त्रालय (३७०००३२०२३)** छान्नुहोला । यसका लागि मन्त्रालयको नाम **search box** बाट वा **Next** गरेर छान्न सक्नुहुनेछ ।

४. अब **दाँयातिर माथी (right top मा) नयाँ लेखीएको box मा click** गर्नुहोस । **राजस्व शिर्षकमा १४२२९ अन्य प्रशासनिक सेवा शुल्क** भन्ने छान्नुहोस र **विवरणमा नयाँ दर्ता / नवीकरण** लेखुहोला ।

५. त्यसपछि **प्रदेश आर्थिक ऐन अनुसार तिर्नुपर्ने नयाँ दर्ता / नवीकरण वापतको रकम** उल्लेख गरी करवर्ष २०८३/०८४ छान्नुहोला र **Next** गर्नुहोस । यसपछि अब **दाँयातिर माथी (right top मा)** सेभ गर्नुहोस र भुक्तानी गर्नुहोस भन्ने **box मा click** गर्नुहोस । **अब pay now** गर्नुहोस ।

६. अब भौचर विवरण देखिन्छ। **दिइएको विकल्पहरु मध्ये कुनै एक छानेर** भुक्तानी गर्न सकिन्छ।

७. भुक्तानी पश्चात डयासबोर्डमा जानुहोस् र भुक्तानी गरिएको **भौचरमा click गरी भौचर** प्रिन्ट गर्नुहोस। **नोटः- भौषर तिर्ने क्रममा कर्मचारिबाट सहि निर्देशन दिने क्रममा केहि त्रुटि पनि हुन सक्छ। आफै सजग रहि कारोबार गर्नुहोला। त्रुटि भएमा कर्मचारि जवाफदेहि हुने छैन।**